नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
विदेशी विनिमय व्यवस्थापन विभाग

इ.प्रा.परिपत्र संख्याः- ५१४ मिति :- २०६६/९ /६

**नेपाल राष्ट्र बैंक, बैकिङ्ग कार्यालय लगायत सबै कार्यालयहरु तथा**
**इजाजतपत्रप्राप्त "क" र राष्ट्रिय स्तरका "ख" वर्गका बैंक तथा वित्तीय संस्थाहरू।**

**विषय :- दालजन्य बस्तुको निर्यात सम्बन्धमा।**

महाशय,

यस बैंकको इ.प्रा. परिपत्र संख्याः ५०० मिति २०६६/४/१६ को परिपत्रबाट निर्यातमा पूर्ण प्रतिवन्ध लगाइएको दालजन्य बस्तु मध्ये मुसुरोको दाना (Whole Red Lentils without husk) बिभिन्न दाल उद्योग मिलको लागि ९,७५० मे.टन परिमाण र नेशनल ट्रेडिङ्ग लि. तथा साल्ट ट्रेडिङ्ग लि. को लागि ५,००० मे.टन परिमाणमा निर्यात गर्न दिने निर्णय नेपाल सरकार, वाणिज्य तथा आपूर्ति मन्त्रालयवाट मिति २०६६/८/२९ मा भएकोले वाणिज्य बिभागवाट जारी भएको निकासी अनुमतिपत्रको सक्कल प्रति मै आफू मार्फत निकासी भएको परिमाण प्रमाणित गरी सोको प्रतिलिपि अन्य कागजातका साथ राख्नु पर्ने सर्तमा मुसुरोको दाना निकासी सम्वन्धी कारवाही गर्नु/गराउनु हुन विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ को दफा-१२ले दिएको अधिकार प्रयोग गरी यो परिपत्र जारी गरिएको छ।

भवदीय

(भाष्करमणि ज्ञवाली)
कार्यकारी निर्देशक

बोधार्थः
१. गभर्नरको कार्यालय।
२. डेपुटी गभर्नरको कार्यालय।
३. नेपाल सरकार, अर्थ मन्त्रालय, आ.का.वि.तथा.नि.वि.महाशाखा।
४ नेपाल सरकार, अर्थ मन्त्रालय, भन्सार बिभाग, त्रिपुरेश्वर।
५ नेपाल सरकार, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य बिभाग, बबरमहल।
६ बैंक तथा वित्तीय संस्था नियमन विभाग।
७ बैंक सुपरिवेक्षण बिभाग।
८ आन्तरिक लेखा परिक्षण विभाग।
९ सूचना प्रविधि विभाग :- यस विभागको वेभ साइटमा राखिदिनु हुन।
१० नेपाल उद्योग वाणिज्य महासंघ,मिलन मार्ग, टेकु।
११.. नेपाल उद्योग परिसंघ,मिलन मार्ग, टेकु।